ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ

☎०३६-४११९०३
☎०३६-४११९०४
E-mail :info@aiselukharkamun.gov.n
Website:www.aiselukharkamun.gov.

१ नं. प्रदेश, नेपाल

प.स. :- २०७८/७९
च.नं. :-

मिति :-२०७८/०९/२८

# सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा पछिल्लो समयमा कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन तीव्र रुपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी सो को रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा गृह मन्त्रालयको च.नं. १४४२, मिति २०७८/०९/२६ गतेको पत्र तथा मिति २०७८/०९/२६ गते विपद व्यवस्थापन समिति, ऐसेलुखर्कको निर्णय अनुसार तपसिल बमोजिमको निर्णय कार्यान्वयन गर्न गराउनु हुन सम्पूर्ण सरोकारवालाहरुमा अनुरोध छ ।

**तपसिल**

१. सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक तथा धेरै जना उपस्थित हुने गरी प्रशासनिक, सामाजिक एवम् त्यहि प्रकृतीको कार्यक्रम नगर्न नगराउन हुन । अती आवश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर गर्ने व्यवस्था मिलाउने । अर्को सूचना नभएसम्म सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढी भेला हुने गरी मेला, भेला तथा महोत्सवहरु आयोजना नगर्न नगराउन हुन ।

२. सार्वजनिक स्थलहरुमा (कार्यालय, होटल, रेष्टुरेन्ट, सिनेमा हल, रंगशाला, हवाईयात्रा, पार्क आदि) प्रवेश गर्दा कोभिड विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भए पनि हुने) साथमा राख्नु हुन ।

३. माघ ७ गते देखि सार्वजनिक सेवा प्राप्त गर्न खोप कार्ड अनिवार्य लिई आउनु हुन ।

४. सार्वजनिक स्थलमा मास्कको अनिवार्य प्रयोग गरी सामाजिक दुरी कायम गर्ने तथा स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य अपनाउन हुन ।

(प्रमोद कुमार राजभण्डारी)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत